
# काभ्रेपलाञ्चोक जिल्लाको नदीजन्य तथा खानीजन्य उद्योगहरुको जिल्ला स्तरीय अनुगमन कार्यदलले पनौती, नमोबुद्ध र मण्डनदेउपुर नगरपालिका र बेथानचोक, रोशी र भम्लु गाउँपालिकामा रहेका उद्योगहरुको स्थलगत अनुगमन गरी तयार गरिएको प्रतिवेदन-२०८२








२०८२ असार ।

# विषय सूचि


१. पृष्ठभूमि: ........ १

२. अनुगमन कार्यदलमा रहनुभएका सदस्यहरुको विवरण: ........ २

३. अनुगमन कार्यदलको कार्यक्षेत्र: ........ ३

४. अध्ययन विधि: ........ ३

५. अनुगमन गरिएका नदीजन्य तथा खानीजन्य उद्योगहरुको संक्षिप्त विवरण: ........ ४

६. अनुगमनका क्रममा देखिएका उद्योगहरुको स्थानीय तहगत विवरण सार संक्षेपमा: ........ ५

क. पनौती नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ ५

१. सिद्धार्थ ढुंगा कटिङ्ग उद्योग ........ ५

२. भालेश्वर रोडा ढुंगा उद्योग प्रा.लि. ........ ६

३. पनौती रोडा ढुंगा उद्योग ........ ७

४. काठमाण्डौ रोडा ढुंगा उद्योग ........ ८

५. कृष्टल स्टोन एण्ड कन्सर्न प्रा.लि. ........ ९

६. कोहीनुर रोडा ढुंगा उद्योग ........ १०

७. रोशी खोला रोडा ढुंगा उद्योग ........ ११

८. डायमण्ड स्टोन एण्ड माईनिङ इन्डष्ट्रिज प्रा.लि. ........ १२

९. दिपलक्ष्मी एग्रिगेट एण्ड माइनिङ्ग प्रा.लि. ........ १३

१०. कार्की रोडा ढुंगा उद्योग ........ १४

ख. बेथानचोक गाउँपालिका ,काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ १५

१. चण्डेश्वरी रोडा ढुंगा उद्योग ........ १५

२. चलाल गणेश रोडा ढुंगा उद्योग प्रा.लि. ........ १६

३. चलाल गणेशस्थान खनिज उद्योग प्रा.लि. ........ १७

४. राम कृष्ण निर्माण सेवा प्रा.लि. ........ १८

५. फाल्दे स्टोन स्ल्याब हाउस र आर .एण्ड भि क्वारजाइट प्रा.लि. ........ १९

ग. रोशी गाउँपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ २०

१. मंगल रोडा ढुंगा उद्योग प्रा.लि. ........ २०

२. जय नेपाल सप्लायर्स ........ २१

३. सुप्रिम स्टोन प्रा.लि. ........ २२

घ. नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ २३

ङ. मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ २४

१. मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि. ........ २४

२. सेन्ड वासिङ्ग एण्ड क्रसिङ्ग उद्योग प्रा.लि. ........ २६

च. भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु : ........ ३०

१. त्रिवेणी इन्फ्रा ईन्टरनेशनल प्रा.लि. ........ ३०

२. समानान्तर रोडा ढुंगा उद्योग प्रा.लि. ........ ३२

७. अनुगमनबाट प्राप्त उपलब्धी तथा प्रतिफल: ........ ३७

८. निष्कर्ष तथा आगामी कार्यदिशा: ........ ३८

९. सुझावहरु: ........ ४०

# काभ्रेपलाञ्चोक जिल्लाको नदीजन्य तथा खानीजन्य उद्योगहरुको जिल्ला स्तरीय अनुगमन कार्यदलले स्थलगत अनुगमन गरी तयार गरेको प्रतिवेदन, २०८२

## १. पृष्ठभूमि :

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को दफा ९(१) मा व्यवस्था भएको नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्रि सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित समितिका संयोजक एवं जिल्ला समन्वय समिति प्रमुख श्री दिपक कुमार गौतम ज्यूको अध्यक्षतामा मिति २०८१/१०/०९ मा बसेको वैठकले जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा गठित कार्यदलले काभ्रेपलाञ्चोक जिल्ला भित्र नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, भण्डारण र सोबाट प्राप्त कच्चा पदार्थको उपयोगबाट संचालन भैरहेका क्रसर उद्योग तथा खानीहरु र सो क्षेत्रको विद्यमान अवस्थाको विपद प्रभावित देहायका स्थानीय तहमा तपसिल बमोजिम स्थलगत अनुगमन तथा निरीक्षण गरिएको हो ।

| क्र.सं. | स्थलगत अनुगमन गरिएको स्थानीय तह | अनुगमन गरिएको मिति |
|---|---|---|
| १. | पनौती नगरपालिका | २०८१/१०/२३ गते |
| २. | बेथानचोक गाउँपालिका | २०८१/१०/२४ गते |
| ३. | रोशी गाउँपालिका | २०८१/११/०९ गते |
| ४. | नमोवुद्ध नगरपालिका | २०८१/११/०९ गते |
| ५. | मण्डनदेउपुर नगरपालिका | २०८२/०३/०९ गते |
| ६. | भुम्लु गाउँपालिका | २०८२/०३/०९ गते |

कार्यदलले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, नदीजन्य पदार्थ(संकलन तथा उपयोग) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५, वातावरण संरक्षण ऐन,२०७६, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लगायतका कानूनी व्यवस्था र सोको आधारमा अनुगमन स्थलको सम्पुर्ण जानकारी प्राप्त गर्ने प्रयोजनार्थ संभावित सबै क्षेत्रहरु समेटेर सूचकहरु तयार गरि सो को आधारमा लिएको अभिलेख, स्थानीय तहमा सम्बन्धित उद्योगले दर्ता, नविकरण, राजश्व दाखिला, ठेक्का सम्झौता लगायतका पेश गरेको कागजात, नदीजन्य/खानीजन्य पदार्थ संकलन तथा उद्योग संचालन अनुमती पाएका/नपाएका संस्थाका संचालक तथा प्रतिनीधिहरुले उपलव्ध गराएको प्राप्त कागजात तथा जानकारी, नदीजन्य पदार्थ संकलन अनुमतीका सम्बन्धमा स्थानीय तहको अभिलेख तथा जानकारी सहितका प्राप्त कागजात समेतका आधारमा अनुगमन गरी प्रतिवेदन तयार गरिएको हो ।यस प्रतिवेदन तयार पार्दा २०७९ सालमा गठित कार्यदलले बुझाएको प्रतिवेदनलाई समेत सन्दर्भ सामग्रीका रुपमा लिई कतिपय विवरण सोही प्रतिवेदनबाट समेत साभार गरिएको छ ।मिति २०८१/११/१२ गते जिल्ला समन्वय अधिकारी श्री कृष्ण ब्यान्जूको संयोजकत्वमा तयार भएको प्रारम्भिक प्रतिवेदन माथि थप छलफल गरी हालसम्मका गतिविधि समेत समेटेर जिल्ला समन्वय अधिकारी श्री शिव प्रसाद हुमेगाईंको संयोजकत्वमा अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

## २. अनुगमन कार्यदलमा रहनुभएका सदस्यहरुको विवरण :

गठित कार्यदलमा देहायका पदाधिकारी रहनुभएको छ ।

| क्र.सं. | नाम थर | पद तथा आवद्ध कार्यालय | कार्यदलमा आवद्धता |
|---|---|---|---|
| १. | श्री शिव प्रसाद हुमेगाईं | जिल्ला समन्वय अधिकारी, जि.स.स. को कार्यालय , काभ्रेपलाञ्चोक | संयोजक |
| २. | मिन बहादुर घले | प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय , काभ्रेपलाञ्चोक | सदस्य |
| ३. | श्री भरत सापकोटा | शाखा अधिकृत, जि.स.स. को कार्यालय , काभ्रेपलाञ्चोक | सदस्य-सचिव |
| ४. | श्री अरुण ~~कुमार~~ राई | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय , काभ्रेपलाञ्चोक | सदस्य |
| ५. | श्री रनिता बराल | वन अधिकृत, डिभिजन वन कार्यालय , काभ्रेपलाञ्चोक | सदस्य |
| ६. | श्री अखिल खड्का | कर अधिकृत, आन्तरिक राजश्व कार्यालय , काभ्रेपलाञ्चोक | सदस्य |
| ७. | श्री हिमाल थापा | सशस्त्र प्रहरी निरीक्षक, स.प्र.बल नेपाल १५ नं . गण हेक्वा. पाँचखाल, काभ्रेपलाञ्चोक | सदस्य |
| ८. | श्री सिताराम घिमिरे | कार्यालय प्रमुख,उद्योग तथा वाणिज्य कार्यालय | सदस्य |
| ९. | श्री मदन खत्री | नापी अधिकृत, नापी कार्यालय, काभ्रेपलाञ्चोक | सदस्य |
| १०. | श्री प्रवेश आचार्य | इन्जिनियर, जिल्ला समन्वय समिति | सदस्य |
| ११. | श्री शम्भू प्रकाश शर्मा | अधिकृत सातौं,पनौती नगरपालिका | सदस्य |
| १२. | श्री सन्तोष काफ्ले | वातावरण अधिकृत,नमोबुद्ध नगरपालिका | सदस्य |
| १३. | श्री भूपेन्द्र अधिकारी | इन्जिनियर, रोशी गाउँपालिका | सदस्य |
| १४. | श्री ज्ञान प्रसाद तिमल्सिना | इन्जिनियर, वेथानचोक गाउँपालिका | सदस्य |
| १५. | श्री सुदर्शन शाह | सब-ईन्जिनियर,मण्डनदेउपुर नगरपालिका | सदस्य |
| १६. | श्री लाल सिंह वि.क. | इन्जिनियर, भुम्लु गाउँपालिका | सदस्य |

## ३. अनुगमन कार्यदलको कार्यक्षेत्र :

काभ्रेपलाञ्चोक जिल्ला भित्रको नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा वितरण प्रक्रियाको अनुगमन गर्न मिति २०८१/१०/०९ मा बसेको नदीजन्य तथा खानी जन्य पदार्थको उत्खनन् र विक्री सम्बन्धि प्रक्रियाको अनुगमन गर्ने अनुगमन समितिद्वारा गठित कार्यदलको मिति २०८१/१०/२० गतेको निर्णय बमोजिम असोजको बाढीपहिरो जन्य विपत्तीद्वारा बढी प्रभावित चार स्थानीय तहहरु क्रमशः पनौती नगरपालिका, बेथानचोक गाउँपालिका, रोशी गाउँपालिका तथा नमोबुद्ध नगरपालिकाहरु र मण्डनदेउपुर नगरपालिका र भुम्लु गाउँपालिकामा रहेका नदीजन्य तथा खानी जन्य उद्योगहरुको सम्बन्धमा देहाय बमोजिम विषय भित्र रही प्रतिवेदन पेश गरिएको छ ।

- स्थलगत अवलोकनमा देखिएको यथार्थ अवस्था ।
- कार्यविधिले तोकेको मापदण्ड पुरा गरे/नगरेको ।
- नदीजन्य तथा खानीजन्य उद्योगहरुको विपत्ती पश्चातको वर्तमान अवस्था तथा जोखिमको क्षेत्र ।
- अनुगमन गरिएका उद्योगहरुको प्रभावकारी व्यवस्थापनका लागि सान्दर्भिक सुझावहरु ।
- कार्यविधिले तोकेका अन्य विषयहरु।

## ४. अध्ययन विधि :

अनुगमन कार्यदलले जिल्ला भित्र सञ्चालनमा रहेका नदीजन्य तथा खानीजन्य उद्योगहरुको अनुगमन गर्दा देहाय बमोजिमको अनुगमन गर्दा देहाय बमोजिमको अध्ययन विधि प्रयोग गरिएको छ ।
नदीजन्य तथा खानीजन्य उद्योगहरुको स्थलगत वस्तुस्थिति बुझिएको ।

- काभ्रेपलाञ्चोक जिल्लाको नदीजन्य तथा खानीजन्य उद्योगहरुको जिल्ला स्तरीय अनुगमन कार्यदलले स्थलगत अनुगमन गरी तयार गरेको प्रतिवेदन, २०७९ तथा उद्योगहरुले उक्त अनुगमनका क्रममा उपलब्ध गराएका कागजनतहरुको Desk Study ।
- कतिपय उद्योगहरुको नमूनाका रुपमा स्थलगत रुपमा Google Map बाट Location लिईएको ।
- कतिपय उद्योगहरुको नमूनाका रुपमा कित्ता पहिचानका लागि नापी सम्बन्धि App प्रयोग गरिएको ।
- संचालनमा रहेका उद्योगको सम्बन्धमा स्थलगत अनुगमनको क्रममा उपलब्ध भएसम्म सम्बन्धित उद्योगको संचालक तथा कामदारहरु ,स्थानीय तहको स्थानीय जनप्रतिनिधिहरु,पालिकाका प्रमुख प्रशासकीय अधिकृत,कर्मचारी,इन्जिनियर र स्थानीय बासिन्दाहरुसँग समेत छलफल गरिएको ।
- अनुगमनका क्रममा ढुङ्गा ,गिट्टी लगायतका पदार्थ लिई हिँडेका सवारीहरुलाई समेत रोकेर सामानको विषयमा सोधपुछ तथा बिलबिजक अध्ययन गरिएको ।

५. अनुगमन गरिएको नदीजन्य तथा खानीजन्य उद्योगहरुको संक्षिप्त विवरण :

| क्र.सं. | उद्योग अनुगमन गरिएका पालिकाको नाम | अनुगमन गरिएको उद्योगको संख्या |
|---|---|---|
| १. | पनौती नगरपालिका | १० वटा |
| २. | बेथानचोक गाउँपालिका | ५ वटा |
| ३. | नमोबुद्ध नगरपालिका | २ वटा |
| ४. | रोशी गाँउपालिका | ३ वटा |
| ५. | मण्डनदेउपुर नगरपालिका | ३ वटा |
| ६. | भुम्लु गाउँपालिका | ३ वटा |
| जम्मा | | २६ वटा |

६. अनुगमनका क्रममा देखिएका उद्योगहरुको स्थानीय तहगत विवरण सार संक्षेपमा :

क. पनौती नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

१. सिद्धार्थ ढुंगा कटिङ्ग उद्योग

क. ठेगाना : पनौती न.पा. वडा नं. १२

ख. कार्य विवरणः स्लेट तथा छाप्ने ढुंगाहरु कटिङ्ग तथा बिक्रीजन्य कार्य।

ग. सञ्चालक/लगानीकर्ताहरुः बोधी रत्न शाक्य (९८५१०५४३१८)

घ. जग्गा : अनुगमनमा विवरण नखुलेको ।

ङ. कम्पनीको कागजात तथा दर्ता सम्बन्धि विवरण :

- ❖ घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको । (प्राइभेट फर्म दर्ता नं. १४०९२/०७९/०८०,मिति : २०८०/०२/२५ गते )
- ❖ नगरपालिकामा नविकरणको लागि कागजात पेश भएको जानकारी दिएको ।

च. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :

- ❖ सूचना पाटी रहेको नदेखिएको।
- ❖ पनौती रोडाढुंगा उद्योग प्रा.लि. र सिद्धार्थ ढुंगा कटिङ्ग उद्योग एकै ठाउँमा अवस्थित रहेको देखिएको ।
- ❖ ढुंगा कटिङ्गको कार्य भैरहेको देखिएको ।
- ❖ ढुंगाको श्रोत : अन्य खानीहरुबाट आयात गर्ने गरेको भन्ने जानकारी प्राप्त ।

छ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





२. भालेश्वर रोड़ा ढुंगा उद्योग प्रा.लि.

क. ठेगानाः पनौती न.पा. वडा नं. १२, खारखोला, गोर खोला ।

ख. कार्य विवरणः खानी तथा क्रसर दवै ।

ग. भौगोलिक अवस्थिती : अक्षांश २७°३४'१२" (उ.) देशान्तर ८५°२८'१२" (पू.)

घ. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

ङ. उद्योगको जग्गा : कम्पनीको नाममा ७५ रोपनी तथा बाँकी सेयर धनीको नाममा गरि २०० रोपनी भन्दा धेरै रहेको भन्ने जानकारी प्राप्त भएको।

च. सञ्चालक/लगानीकर्ताहरु (उद्योग स्थलमा भेटिनुभएका रामहरि के.सी. द्वारा जानकारी गराए बमोजिम):

| | | | |
|---|---|---|---|
| १. | राम हरि के.सी. (९८५११६२६५९) | २. | रवि श्रेष्ठ |
| ३. | आत्मा राम थापा | ४. | राम हरि प्रसाद भट्टराई |
| ५. | दुर्गा प्रसाद श्रेष्ठ | ६. | मोहन प्रसाद नकर्मी |
| ७. | केशव राज अधिकारी | ८. | बाल कृष्ण थापा |
| ९. | गोविन्द गौतम | १०. | इन्द्रमणी तिमल्सिना |

छ. कम्पनी दर्ता सम्बन्धि विवरण :

- खानी दर्ता मिति -: २०६६/०२/०३ जिल्ला विकास समिति , काभ्रेपलाञ्चोक ।
- कम्पनी दर्ता मिति :- २०७८/११/२६
- खानी विभागमा उद्योग दर्ता तथा नगरपालिकामा सुचिकृत भएको पाईएको ।
- नविकरण म्याद २०८१ जेठमा समाप्त भएको देखिएको।
- नगपालिकामा नविकरणको प्रक्रियामा रहेको भन्ने जानकारी प्राप्त भएको ।
- क्रसर न.पा.मा सुचिकृत भएको तर यस आ.व. २०८१/०८२ मा नविकरण भएको नदेखिएको ।

ज. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :


- सूचना पाटी रहेको नदेखिएको,बाढीले पाटी र कार्यस्थल दुवै बगाएको,अब सूचना पाटी राख्ने गरी मर्मतको कार्य भैरहेको जानकारी दिईएको।
- दर्ता सम्बन्धि केही कागजातको सफ्ट कपी विद्युतीय रुपमा देखाईएको र बाँकी अनुगमन पश्चात कार्यदललाई डिजिटल रुपमा उपलब्ध गराईएको ।
- गत असोज महिनाको बाढीले क्रसर मेसीन पूर्णरुपमा पुरिएको देखिएको र क्षति पुगेको संरचना तथा उपकरणहरुको खोज्ने,व्यवस्थापन गर्ने र मर्मत गर्ने कार्य भैरहेको भन्ने जानकारी गराईएको र सो का लागि केही उपकरणहरु चलेको देखिएको ।


- ❖ अनुगमनका क्रममा उद्योग रोशी खोलाको किनारा नजिक रहेको देखिएको ।
- ❖ खानी उत्खनन तथा क्रसर सञ्चालनमा रहेको नदेखिएको,मर्मत तथा सरसफाईको कार्य भैरहेको पाईएको ।

झ. उद्योग सम्बन्धि पछिल्लो अपडेट :

- ❖ पनौती नगरपालिकाको च.न. २३७०, मिति २०८१/११/२२ को पत्रानुसार मिति २०८१/११/२२ मा जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी र स्थानीयको रोहवरमा अर्को आदेश वा निर्णय नभएसम्मका लागि बन्द भएको जानकारी प्राप्त भएको ।

ञ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





३. पनौती रोडा ढुंगा उद्योग

क. ठेगानाः पनौती -१२, भुमिडाँडा ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको ।

ग. भौगोलिक अवस्थिती : अक्षांश : २७°३३'५९" (उ.)देशान्तर : ८५°२८'१०" (पू.) ।

घ. कच्चा पदार्थको स्रोत : आफ्नै खानी भएको ।

ङ. सञ्चालक/लगानीकर्ताहरुः बोधी रत्न शाक्य (९८५१०५४३१८) समेत ।


च. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :


- ❖ सूचना पाटी रहेको।
- ❖ गत वर्ष अख्तियारमा शेयर धनीहरु बिच कारोबार सम्बन्धमा मुद्दा परेर तामेलीमा गएको र उद्योग गत बर्ष चैत्र २९ देखि बन्द रहेको सिद्धार्थ ढुंगा कटिङ्ग उद्योगका

सञ्चालक समेत रहनुभएका बोधीरत्न शाक्य र पनौती नगरपालिकाका प्रतिनिधी शम्भु प्रकाश शर्माद्धारा संयुक्त रुपमा जानकारी गराईएको ।

❖ खानी उत्खनन तथा क्रसर सञ्चालन दुबै नरहेको ।

छ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





४. काठमाण्डौ रोडा ढुंगा उद्योग

क. ठेगानाः पनौती न.पा. वडा नं. २, जोरघट्ट ।

ख. कार्य विवरणः खानी ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

घ. उद्योगको जग्गा : करिब ४५० रोपनी रहेको जानकारी दिईएको ।

ङ. सञ्चालक/लगानीकर्ताहरु :१. कैलाश कुवँर २. ठाकुर गौतम ३. जनक लाल मानन्धर

च. कम्पनी दर्ता सम्बन्धि विवरणः

- ❖ खानी दर्ता मिति -: : १५/०१/२०७०जिल्ला विकास समिति , काभ्रेपलाञ्चोक ।
- ❖ कम्पनीमा दर्ता मिति २२/०३/२०६६ :कम्पनी रजिष्ट्रारको कार्यालय , काठमाण्डौ ।
- ❖ प्राप्त जानकारीका आधारमा नविकरण भएको नपाईएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :

- ❖ अनुगमनको समयमा माटो फाल्ने तथा खानी सफाइ लगायतका कामहरु भैरहेको देखिएको ।

- खानी सम्बन्धि कागजात कार्यस्थलमा फेला नपरेको , बाढीमा कार्यालय र सूचना पाटी बगाएको र मुख्य कार्यालय बनेपामा रहेको,आवश्यक परेको खण्डमा उपलब्ध गराउने भनी सञ्चालक प्रतिनिधिद्धारा जानकारी गराईएको।
- गत असोज महिनाको बाढीका कारण विभिन्न उपकरणहरु तथा खानीमा समेत क्षति पुगेको,हाल खानी सञ्चालनमा आइसकेको नपाईएको।
- पुरानो स्टक सामानहरु झिकेर बिक्री गरेको अनुगमनका क्रममा फेला परेको ।
- खानी पूर्ववत सञ्चालनमा आउन करिब २/३ महिना नै लाग्न सक्ने जानकारी गराईएको ।

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :




५. <u>कृष्टल स्टोन एण्ड कन्सर्न प्रा.लि.</u>

क. ठेगानाः पनौती न.पा. वडा नं. १२, रोशी मा अवस्थित रहेको पाईएको ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको देखिएको ।

घ. सञ्चालक/लगानीकर्ताहरु : श्रीराम आचार्य (९८०१२४७२५१,सूचना पाटीका आधारमा)

ङ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :

- उद्योग बन्द रहेको देखिएको ।
- विस्तृत विवरण सहित सूचना पाटी रहेको।
- उत्पादित सामग्रीको नमूना हेर्दा खानी तथा क्रसर संचालनमा रहेको आँकलन गर्ने अवस्था रहेको ।

च. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





६. कोहीनुर रोडा ढुंगा उद्योग

क. ठेगानाः पनौती न.पा. वडा नं. २, रोशी ।

ख. कार्य विवरणः खानी ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै व्यक्तिगत खानी रहेको देखिएको ।

घ. सञ्चालक/लगानीकर्ताहरु (उद्योग स्थलमा भेटिएका कर्मचारीको भनाईका आधारमा) :

१. श्रीराम आचार्य (९८५१०९२७३२)

२. बाल कृष्ण श्रेष्ठ

३. श्रीराम पुडासैनी


ङ. कम्पनी दर्ता सम्बन्धि विवरण (पनौती नगरपालिकाको प्रतिनिधिको आधारमा) :

- खानी विभागमा उद्योग दर्ता तथा नगरपालिकामा सुचिकृत भएको ।
- नविकरण भएको जानकारी प्राप्त भएको।

च. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :

- सूचना पाटी रहेको।
- सञ्चालकहरुसँग भेट नभएको , कर्मचारी/कामदारसँग सोधपुछ गरिएको।
- कागजात कार्यस्थलमा नरहेको जानकारी दिईएको ।
- नदी र बस्तीबाट नजिक रहेको देखिएको ।
- गत असोज १०,११ र १२ को अविरल वर्षाको विपद र विनाश पश्चात मंसिर २८ गतेबाट सञ्चालनमा आएको भन्ने जानकारी प्राप्त भएको ।

छ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





७. रोशी खोला रोड़ा ढुंगा उद्योग

क. ठेगानाः पनौती न.पा. वडा नं. २, रोशी खोला


ख. कार्य विवरणः खानी तथा क्रसर दुवै

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी ।

घ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरण :

- सूचना पाटी नरहको।
- सञ्चालक वा प्रतिनिधी कोही पनि उद्योग स्थलमा फेला नपरेको ।
- २०८१ असोज महिना सम्म संचालनमा रहेको पालिका प्रतिनिधिबाट जानकारी गराईएको।
- हाल उद्योग सञ्चालनमा नरहेको,बन्द अवस्थामा रहेको ।
- नविकरणका लागि कागजात पेश भएको, रोयल्टी लगायतका राजश्व बाँकी रहेकाले नविकरणका लागि पत्राचार गरेको,नवीकरण भई नसकेको,नवीकरण नभएकै कारण बन्द रहेको ।

ङ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





८. डायमण्ड स्टोन एण्ड माईनिङ इन्डष्ट्रिज प्रा.लि.

क. ठेगानाः पनौती न.पा. वडा नं. २,जोरघट्टा ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

घ. उद्योगको जग्गा : जग्गाको क्षेत्रफल एकीन नभएको

ङ. सञ्चालक/लगानीकर्ताहरु : दिपक भण्डारी (९८५१०४४४८८)

च. कम्पनी दर्ता सम्बन्धि विवरण :


- ❖ क्रसर दर्ता मितिः २०६५/०९/२८ : घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोक
- ❖ भ्याट नम्बर : ३०२४८२०९७

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सुचना पाटी नरहको।
- ❖ फिल्डमा दर्ताको कागजात फेला नपरेको
- ❖ संचालनमा रहेको
- ❖ २०८०/७/१९ मा उत्खनन अवधि सकिएको, म्याद थपको प्रकृयामा रहेको
- ❖ उत्खनन गर्न नपाउनेगरी अघिल्लो आ.व. सम्म नविकरण भएको तर संचालनमा रहेको
- ❖ मर्मत प्रकृयामा रहेको ।

ज. उद्योग सम्बन्धि पछिल्लो अपडेट :पनौती नगरपालिकाको च.न. २३७०, मिति २०८१/११/२२ को पत्रानुसार मिति २०८१/११/२२ मा जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी र स्थानीयको रोहवरमा अर्को आदेश वा निर्णय नभएसम्मका लागि बन्द भएको जानकारी प्राप्त भएको ।

झ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





९. दिपलक्ष्मी एग्रिगेट एण्ड माइनिङ्ग प्रा.लि.

क. ठेगानाः पनौती १२-, कलाति,भुमिडाँडा ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहैको।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको देखिएको ।


घ. सञ्चालक/लगानीकर्ताहरु (स्थानीयबासीले दिएको जानकारी तथा अभिलेख अनुसार ) : प्रदिप बोगटी (सम्पर्क नं९८५१२३५२३६ .)

ङ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- सूचना पाटी रहेको नदेखिएको ।
- उद्योग सञ्चालक वा प्रतिनिधी कोही पनि उद्योग स्थलमा फेला नपरेको ।
- फिल्डको वस्तुस्थित हेर्दा खानी तथा क्रसर संचालनमा रहेको आँकलन गर्ने अवस्था रहेको ।
- अनुगमनका क्रममा फिल्डमा भेटिनुभएका स्थानीयबासीका अनुसार २०८१/१०/२२ बाट बन्द रहेको भन्ने जानकारी प्राप्त भएको ।

च. उद्योग सम्बन्धि पछिल्लो अपडेट :पनौती नगरपालिकाको च.न. २३७०, मिति २०८१/११/२२ को पत्रानुसार मिति २०८१/११/२२ मा जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी र स्थानीयको रोहवरमा अर्को आदेश वा निर्णय नभएसम्मका लागि बन्द भएको जानकारी प्राप्त भएको ।

छ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :




१०. कार्की रोडा ढुंगा उद्योग

क. ठेगानाः पनौती -२, रोशी खोला


ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहैको।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको देखिएको ।

घ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सूचना पाटी रहेको नदेखिएको ।
- ❖ उद्योग सञ्चालक वा प्रतिनिधी कोही पनि उद्योग स्थलमा फेला नपरेको ।
- ❖ फिल्डको वस्तुस्थित हेर्दा खानी तथा क्रसर संचालनमा रहेको नदेखिएको।

ङ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :




## ख. बेथानचोक गाउँपालिका ,काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

### १. चण्डेश्वरी रोडा ढुंगा उद्योग

क. ठेगानाः बेथानचोक गाउँपालिका वडा नं. ४, खहरेखोला ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको।

ग. भौगोलिक अवस्थिती : अक्षांश : २७°३२'५६" (उ.) देशान्तर : ८५°३०'०७" (पू.)

घ. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

ङ. उद्योगको जग्गा : क्षेत्रफल एकीन नरहेको ।

च. सञ्चालक/लगानीकर्ताहरुः अच्युत राज सञ्जेल ।


छ. कम्पनी दर्ता सम्बन्धि विवरण :

- ❖ २०७१/११/२८ मा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको ।
- ❖ २०७२/१२/१२ स्थायी लेखा नम्बर लिएको देखिएको ।
- ❖ यस आ.व. मा नविकरण भएको जानकारी दिईएको।

ज. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सूचना पाटी रहेको नदेखिएको ।१ हप्ता भित्र मापदण्डमा तोकिए बमोजिमको विवरण उल्लेख गरी सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ❖ उद्योग सम्बन्धि कागजात कार्यस्थलमा राखेको नपाईएको । उद्योग सम्बन्धि कागजातको प्रतिलिपि अनिवार्य रुपमा कार्यस्थलमा राख्न निर्देशन दिईएको ।
- ❖ बिल बिजक राख्ने गरेको,( रोडा रु. ६,०००/- र Dust रु. ५००/- प्रति टिफर बिक्री गर्ने गरेको देखिएको ।
- ❖ २०८१/१०/२४ मा अनुगमन हुँदा १ हप्ता अघि देखि सञ्चालनमा रहेको भन्ने जानकारी उद्योगमा भेटिएका प्रतिनिधिद्धारा जानकारी गराईएको ।
- ❖ उद्योग हाल सञ्चालनमा रहेको पाईएको ।
- ❖ सम्पर्क व्यक्ति : गोविन्द भट्टराई (९८६६८४६८५७)

झ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





२. चलाल गणेश रोडा ढुंगा उद्योग प्रा.लि.

क. ठेगानाः बेथानचोक गाउँपालिका वडा नं. ४ , खहरेखोला ।

ख. कार्य विवरणः रोडा ढुंगा उत्पादन तथा सोको कारोबार।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

घ. उद्योगको जग्गा : ४५० रोपनी ।

ङ. सञ्चालक/लगानीकर्ताहरु (उद्योग स्थलमा भेटिनुभएका प्रतिनिधिद्वारा जानकारी गराए बमोजिम):

| | | | |
|---|---|---|---|
| १. | मनोज सिग्देल | २. | राजाराम कार्की |
| ३. | बलराम कार्की | ४. | रबिन्द्र के.सी. |
| ५. | तुल्सी पोखरेल | ६. | जनक लामा |
| ७. | किरण कार्की | ८. | नजर कार्की |
| ९. | सुनिल के.सी. | १०. | दिक्षा भट्ट |

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- कम्पनी रजिष्टारको कार्यालयमा दर्ता : १२६०६६ (०७१/०७२) ,२०७१/०५/१३ ।
- घरेलुमा तथा साना उद्योग कार्यालयमा दर्ता : ४४२०/०७३/०७४,२०७४/०२/१० ।
- स्थानीय तहमा दर्ता मिति : ११/१२/०७७/०७८, २०७७/१२/०५ ।
- उत्पादन क्षमता : रु. ५,७४,००,०००/- ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- सूचना पाटी रहेको र उद्योग सम्बन्धि अधिकांश कागजात कार्यस्थलमा राखेको पाईएको ।
- उद्योग सञ्चालनमा रहेको देखिएको र उत्खनन् कार्य व्यवस्थित रुपमा भएको नपाईएको ।

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्विरहरु :






३. चलाल गणेशस्थान खनिज उद्योग प्रा.लि.

क. ठेगानाः बेथानचोक गाउँपालिका वडा नं. ४ , खहरेखोला ।

ख. कार्य विवरणः रोडा, ढुंगा, चिप्स उत्पादन तथा सोको कारोबार।

ग. भौगोलिक अवस्थिती : अक्षांश : २७°३३'०७" (उ.) देशान्तर : ८५°३०'३२" (पू.) ।

घ. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

ङ. उद्योगको जग्गा : जग्गाको क्षेत्रफल एकीन नभएको ।

च. सञ्चालक/लगानीकर्ताहरुः सुरज लामा (९८६११५८२६७) ।


छ. कम्पनी दर्ता सम्बन्धि विवरण :


- VAT मा दर्ता : २०७०/१२/०५ ।
- PAN मा दर्ताः २०७०/११/२१ ।
- घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता : २०७४/१२/०५ (साना उद्योगको रुपमा )।

ज. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- पौष १२ बाट सञ्चालनमा रहेको जानकारी उद्योग प्रतिनिधिद्वारा प्राप्त भएको ।
- उद्योगको पुँजी १ करोड रहेको ।
- नवीकरण भएको नदेखिएको तर सञ्चालनमा रहेको पाईएको ।नवीकरण प्रक्रियामा जान र जिल्ला अनुगमन समितिको निर्णय बमोजिम मात्र गर्न गराउन निर्देशन दिईएको ।
- सम्पर्क व्यक्ति : कुन्साङ लामा (९८४०३४५०७०), राजेश लामा (९८४०३४५०७०)

झ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





## ४. राम कृष्ण निर्माण सेवा प्रा.लि.

क. ठेगानाः बेथानचोक गाउँपालिका वडा नं. ४, चलालगणेशस्थान ।

ख. सञ्चालक/लगानीकर्ताहरु (उद्योग स्थलमा भेटिनुभएका प्रतिनिधिद्धारा जानकारी गराए बमोजिम):

१. राम कृष्ण प्याकुरेल

२. अच्युत राज सङ्गेल (९८४९७५०८७८)

३. राज देव तामाङ

ग. कम्पनी दर्ता सम्बन्धि विवरण :


- ❖ उद्योग नविकरण भएको भनिएतापनि कागजात कार्यस्थलमा नरहेको ।

घ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ उद्योग सञ्चालनमा रहेको आँकलन गर्ने अवस्था देखिएको ,विभिन्न उपकरणहरु उद्योग स्थलमा देखिएको,अनुगमनका समयमा उद्योग सञ्चालन भएको नपाईएको ।
- ❖ एक जना प्रतिनिधि वाहेक अन्य सञ्चालक वा लगानीकर्ता कोही फेला नपरेको ।
- ❖ सूचना पाटी रहेको नपाईएको । १ हप्ता भित्र मापदण्डमा तोकिए बमोजिमको विवरण उल्लेख गरी सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ❖ उद्योग सम्बन्धि कागजात कार्यस्थलमा राखेको नपाईएको । उद्योग सम्बन्धि कागजातको प्रतिलिपि अनिवार्य रुपमा कार्यस्थलमा राख्न निर्देशन दिईएको ।
- ❖ डष्टको उचित व्यवस्थापन भएको नदेखिएको ।

ङ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





५. फाल्दे स्टोन स्ल्याब हाउस र आर. एण्ड भि क्वारजाइट प्रा.लि.

क. ठेगानाः बेथानचोक गाउँपालिका वडा नं. ५,

ख. कार्य विवरणः स्लेट तथा छपाइका ढुंगाहरु तयार एवम् बिक्री गर्ने ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको भन्ने जानकारी ।

घ. उद्योगको जग्गा : व्यक्तिगत जग्गा ।

ङ. सञ्चालक/लगानीकर्ताहरुः अम्बर बहादुर गोले

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- कम्पनी दर्ता सम्बन्धि कागजात कार्यस्थलमा फेला नपरेको ।
- गाउँपालिकामा समेत सो सम्बन्धि विवरण अद्यावधिक भएको अवस्था नरहेको ।
- सञ्चालकद्धारा साधारण निर्वाहमुखी उद्योगका लागि गाउँपालिकाबाट अनुमती लिए हुने भनी आई.ई.ई. प्रतिवेदन गाउँपालिकामा पेश गरेको तर पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त नभएको भनी सञ्चालकद्धारा फोनमा अनुगमन कार्यदललाई जानकारी गराएको ।
- सो सम्बन्धमा मिति २०८१/१०/२५ मा जिल्ला समन्वय समितिको कार्यालयमा आई सम्पर्क राख्न निर्देशन गरिएकोमा निज सञ्चालकहरु सम्पर्कमा आएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- सञ्चालित उपकरण अनुगमन जाने क्रममा अन्यत्र लगिएको ।
- विगतमा खानी तथा भूगर्भ विभागबाट उत्खनन् अनुमती लिई म्याद सकिई हाल स्थानीय तहवाट समेत अनुमती नलिई सञ्चालमा रहेको पाईएको ।
- मेसिनबाट ढुंगा काट्ने काम भैरहेको ।उद्योग नदी किनारामा रहेको पाईएको ।
- सञ्चालकका छोरा भन्ने मदन गोले (९८४९२८२८५३) र केही कामदार स्थलमा फेला परेको ।
- तत्काल काम बन्द गर्न ,सम्पूर्ण कागजात सहित कार्यदलसँग सम्पर्क गर्न र कानून बमोजिम मात्र गर्न निर्देशन दिईएको ।

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





## ग. रोशी गाउँपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

१. मंगल रोडा ढुंगा उद्योग प्रा.लि.

क. ठेगानाः रोशी गाउँपालिका वडा नं. ७ ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

घ. उद्योगको जग्गा : व्यक्तिगत निजी जग्गा रहेको ।

ङ. सञ्चालक/लगानीकर्ताहरु (सञ्चालक समितिको विशेष बैठकको उपस्थितिको आधारमा ):

१. सुर्य बहादुर तामाङ २. लक्ष्मण लामा ३.दुर्गा लामा ४.मनिषा भोम्जन

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- कम्पनी रजिष्ट्रार : दर्ता नं. १८३५५४-०७४/०७५, दर्ता मितिः २०७४ /१०/२५।
- साना तथा घरेलु उद्योग : दर्ता नं. ४५०२-०७५/०७६, दर्ता मितिः२०७५/०८/२७
- गाउँपालिकामा सुचिकृत : मिति २०७९/०९/२८ ।
- अनुमती पत्र : साधारण निर्माणमुखी खनिजको रुपमा मिति २०७७/०६/२७ मा लिएको ,मिति २०८१/०७/०९ मा आ.व. ०८१/०८२ को लागि नवीकरण गरेको देखिएको ।
- कर चुक्ता : २०७९/०८० सम्मको रहेको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- सूचना पाटी रहेको,उद्योग सञ्चालनमा रहेको देखिएको।
- नदी र खोला किनाराबाट करिब २०० मि. को दुरीमा रहेको पाईएको ।
- काम नलाग्ने डष्ट नदीसँगै जोडिएको व्याक्तिगत जग्गामा थुपार्ने गरेको, सो डष्ट थुप्रदै जाँदा नदीको प्रवाह र दिशा बिथोलिन गई वर्षातको समयमा समस्याको कारण बन्न सक्ने अवस्था रहेको ।

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





२. जय नेपाल सप्लायर्स

क. ठेगानाः रोशी गाउँपालिका वडा नं. ८,

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको देखिएको ।

घ. सञ्चालक/लगानीकर्ताहरुः प्रविन लामा ( ९८५१०४२४३२) सञ्चालक रहेको गाउँपालिका प्रतिनिधिद्धारा जानकारी दिईएको ,अनुगमनका क्रममा सञ्चालक/प्रतिनिधी कोही फेला नपरेको ।

ङ. कम्पनी दर्ता सम्बन्धि विवरण : खानीको मात्र अनुमति लिएको गाउँपालिका प्रतिनिधिद्धारा जानकारी दिईएको ,अनुगमनका क्रममा सञ्चालक/प्रतिनिधी कोही फेला नपरेको हुँदा दर्ता सम्बन्धि कागजात अध्ययन गर्न नपाईएको ।

च. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- अनुगमनका क्रममा सञ्चालक/प्रतिनिधी कोही फेला नपरेको ।
- सूचना पाटी रहेको नदेखिएको ।क्रसर खोला किनार आसपास रहेको पाईएको ।
- क्रसरको मेकानिकल पार्टपुर्जा बिग्रेकोले ४/५ दिन देखि सञ्चालनमा नरहेको भनी सञ्चालकद्धारा फोनमा जानकारी गराईएको ।
- प्रदेशको गौरवको आयोजनाका लागि क्रसर सञ्चालन गर्न भन्दै पुर्वाधार विकास कार्यालयमा अनुमती माग गरेकोमा पुर्वाधार विकास कार्यालयद्धारा आवश्यक सहजीकरणका लागि रोशी गाउँपालिकामा पत्राचार भएको ,सो विषयमा पालिकाद्धारा केही निर्णय भईनसकेको,हाल क्रसर चलिरहेको गाउँपालिकाका इन्जिनियरद्धारा जानकारी दिएको ।
- सो विषयमा पूर्वाधार विकास कार्यालय ,धुलिखेलका प्रमुखसँग फोन सम्पर्क गरी बुझ्दा मौजुदा कानूनकै आधारमा गाउँपालिकालाई सहजीकरणका लागि पत्राचार गरिएको जानकारी दिनुभएको ।
- सञ्चालक र पालिका प्रतिनिधि दुवैलाई कानून बमोजिम गर्न गराउन निर्देशन गरिएको ।

छ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरुः





३. सुप्रिम स्टोन प्रा.लि.

क. ठेगानाः रोशी गाउँपालिका वडा नं. ९ ।

ख. कार्य विवरणः खानी तथा क्रसर दुवै रहेको ।

ग. कच्चा पदार्थको स्रोत : आफ्नै खानी रहेको ।

घ. उद्योगको जग्गा : व्यक्तिगत निजि जग्गा रहेको जानकारी गराईएको ।

ङ. सञ्चालक/लगानीकर्ताहरु(उद्योग प्रतिनिधिहरुद्धारा जानकारी गराए बमोजिम ):

१. धनध्वज तामाङ (९८५११४७७९३) २. विजय लामा

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- गाउँपालिकामा सुचिकृत : २०७६/०२/०९ मा
- अनुमती पत्र : २०७६/०४/१२ मा साधारण निर्माणमुखी खनिजको लिएको पाईएको ( प्र.प.नं. ००३/१३) ।
- प्यान दर्ता : ६०४२३०१७९, २०७३/०८/२६ मा ।
- कम्पनी रजिष्ट्रार : १४६३५७-०७२/०७३ , २०७२/११/२८ मा ।
- साना तथा घरेलु उद्योग : ४४५२-०७४/०७५ ,२०७५/०१/१६ मा ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- सुचना पाटी विपी हाईवेमा रहेको,खानी तथा क्रसर स्थलमा नरहेको।
- खोला छेवैमा रहेको ,क्रसर हाल सञ्चालनमा रहेको पाईएको ।
- कागजात कार्यस्थलमा रहेको देखिएको तर २०७८/०६/२४ पछि नवीकरण भएको नदेखिएको ।
- बिक्रि सम्बन्धि रसिद रहेको ।
- डस्टको व्यवस्थापन अव्यवस्थित रहेको ।
- यथाशिघ्र नवीकरण प्रक्रियामा जान र कानून बमोजिम मात्र गर्न गराउन सञ्चालक र पालिका प्रतिनिधि दुवैलाई निर्देशन गरिएको ।

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरुः





घ. नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

नमोबुद्ध नगरपालिकामा खानी तथा क्रसर उद्योगहरु गरी कुल ७ वटा उद्योगहरु रहेको नगरपालिकाबाट प्राप्त विवरणमा देखिन्छ ।२०८१ असोज महिनाको विपदका कारण नमोबुद्ध नगरपालिकाले अरबौंको क्षति वेहोर्नुपर्योत्यसमा पनि खानी तथा क्रसर उद्योगहरुको क्षति झन अतुल,नीय रहेको पाईयो । विपद पछि हाल कुनै पनि खानी तथा क्रसर उद्योगहरु सञ्चालनमा नरहेको पालिका प्रतिनिधिहरुद्धारा जानकारी प्राप्त भयो भने स्थलगत अनुगमनका क्रममा समेत कुनै पनि उद्योगहरु सञ्चालनमा रहेको पाईएन ।अनुगमनका क्रममा कुनै पनि उद्योगहरु सञ्चालनमा रहेको नपाईएपछि अनुगमन कार्यदलद्धारा नमोबुद्ध नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतसँग तहाँ नगरपालिकामा रहेका उद्योगहरुको हालको वस्तुस्थित विषयमा छलफल तथा थप जानकारी लिने कार्य सम्पन्न भयो । उहाँले असोजको बाढिले नमोबुद्ध नगरपालिकामा पुगेको क्षति बारेमा प्रकाश पार्दै विपद प्रतिकार्य योजना स्वरुप रोशी खोलाको केही भागमा IEE को काम थालनी गरेको बताउनु भयो । नमोबुद्ध नगरपालिकामा रहेका नदीजन्य तथा खानीजन्य उद्योगहरु कुनै पनि सञ्चालनमा आउन सकेका छैनन् विपदले पुर्याएको क्षतिका कारण नवीकरण समेत हुन सकेका छैनन् । , एउटा उद्योग सञ्चालनको पहल गरेपनि सञ्चालन हुन केही समय लाग्ने बताउनुभयो ।दर्ता नविकरण लगायतका मापदण्ड पुरा गरि सञ्चालनमा आएका उद्योगहरुमध्ये असोजको विनाशकारी विपत्ति पश्चात कतिपय उद्योगहरु क्षदविक्षद अवस्थामा रहेकोले हाललाई नविकरण करचुक्ता लगाएतका विषयमा निर्धारित समयसिमाभित्र प्रकृया पुरा गर्न नसकेको देखिएकोले सो विषयमा राज्यको तर्फबाट केही भएपनि समय थप राजस्व छुट,लगायतको सहुलियत व्यवस्था गर्न सकेको खण्डमा नैतिकरुपमा पनि राज्यको अभिभावकत्व रहेको ठहरिने उहाँले बताउनुभयो ।

क. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरुः





ङ. मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

१. मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि.

क. ठेगानाः मण्डनदेउपुर नगरपालिका वडा नं. ६ ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : इन्द्रावती नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : जग्गा भाडामा लिएर उद्योग सञ्चालन गरेको पाइएको।

ङ. सञ्चालक/लगानीकर्ताहरु (हालको सञ्चालक): राज भक्त प्रधान

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- कम्पनी रजिष्ट्रारको कार्यलय
  - दर्ता मिति - २०५८/०९/०२
  - प्रा.लि. नं. - १७३६०/०५८/५९
- स्थायी लेखा नम्बर (VAT) दर्ता :
  - पान नं. - ३००८४४६३४, दर्ता मिति - २०५८/१२/१४;
  - व्यवसाय कारोबारहरु - ढुंगा, माटो तथा बालुवा उत्खनन्, रोडा, ढुंगा उत्पादन तथा तत सम्बन्धी कारोबार।
- घरेलु तथा साना उद्योगमा :
  - दर्ता नं. - १४१८/५४-०५८/०५९,दर्ता मिति - २०५८/१२/८;
  - उद्योगको स्तर - साना
  - उद्योगको वर्ग - उत्पादन मुलक
  - उद्देश्य - क्रस्ट स्टोन र स्टोन क्रसर उत्पादन गर्ने
  - बार्षिक उत्पादन क्षमता - क्रस्ट स्टोनः १,४२,००० मे.टन./ स्टोन कस्टरः १५,००० मे. ट.
- नगरपालिकामा सुचिकृत/दर्ता :
  - मिति - २०७६/०१/२९;
  - व्यवसायको प्रकृति - साना उद्योग (क्रसर उद्योग)
  - कामको विवरण - क्रस्ट स्टोन र स्टोन क्रसर उत्पादन गर्ने काम
  - पुँजिगत लगानी - रु.२,५०,००,०००
  - नविकरण - २०८२ असार मसान्त सम्म नविकरण।
  - अनुमती - १) एक्जाभेटर बा २ क ४६४५; २) एक्जाभेटर प्र ०१००३ क ९७९७ (प. सं. ०८१/०८२, च.न. ८७५ मिति २०८१/०९/०३ को मण्डनदेउपुर न.पा.को पत्रानुसार- २०८१/०८/२६ को कार्यपालिका को निर्णय)
- कर चुक्ता :
  - आय विवरण पेश गरेको मिति - २०८१/०९/२८

२४


- दाखिला गरेको कर रकम - रु. १०,७८,१८३.००
- २०८०/०८१ सम्मको रहेको देखिएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सूचना पाटी रहेको।
- ❖ उद्योग सञ्चालनमा रहेको देखिएको।
- ❖ नदी र खोला किनाराबाट करिब १०० मि. को दुरीमा रहेको पाईएको ।
- ❖ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम नदी/खोला किनार बाट (५०० मि.), वन क्षेत्रबाट (२ कि.मि.) तथा घना बस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।
- ❖ बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन तथा उद्योग स्थलमा तारबार/घेराबार लगाएको नपाईएको।
- ❖ बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) -

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | ३५ | ३५ | ५ | - |
| मूल्य (प्रति टिपर) : | ५,५०० | ७,००० | २,५०० | - |

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





२. **सेन्ड वासिङ्ग एण्ड क्रसिङ्ग उद्योग प्रा.लि.**

क. ठेगानाः मण्डनदेउपुर नगरपालिका वडा नं. ९ ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : इन्द्रावती नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : जग्गा भाडामा लिएर उद्योग सञ्चालन गरेको पाइएको।

ङ. सञ्चालक/लगानीकर्ताहरु (हालको सञ्चालक): सुरेश वाईवा, प्रज्वल बजगाईं र रोशन बँकि

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

- ❖ कम्पनी रजिष्ट्रारको कार्यलय
    - दर्ता मिति — २०७७/१२/१४
    - प्रा.लि. नं. — २५९१५२/०७७/७८
- ❖ स्थायी लेखा नम्बर (VAT) दर्ता :
    - मिति - २०७८/०५/२२;
    - पान नं. - ६०९९६८७८९,
    - व्यावसाय कारोबारहरु - ढुंगा फोडने, गिट्टी बनाउने, बालुवा उत्खनन्।
- ❖ नगरपालिकामा सुचिकृत/दर्ता :
    - मिति - २०७८/०६/२०;
    - व्यवसायको प्रकृति - साना उद्योग (क्रसर उद्योग)
    - कामको विवरण - ढुंगा फोडने, गिट्टी बनाउने, बालुवा उत्खनन्।
    - पुँजिगत लगानी - रु.४,००,००,०००
    - नविकरण — २०७९/०८० बाट कर नतिरेकोले नवीकरण भएको नपाईएको।
    - २०८२/०२/३० दखि सञ्चालन रोक्का गरिएको (मिति २०८२/०२/२६ को मण्डनदेउपुर नगरपालिका कार्यपालिकाको निर्णय अनुसार)
- ❖ कर चुक्ता :
    - २०८०/०८१ सम्मको रहेको देखिएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सूचना पाटी रहेको।
- ❖ उद्योग सञ्चालनमा रहेको नदेखिएको।
- ❖ नदी र खोला किनाराबाट मापदण्डमा तोकिएको ५०० मि. भन्दा अधिक दुरीमा रहेको पाईएको ।
- ❖ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम वन क्षेत्रबाट (२ कि.मि.) तथा घना वस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।
- ❖ बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन तथा उद्योग स्थलमा तारबार/घेराबार लगाएको नपाईएको।

❖ नेपाल स्याण्ड एण्ड सिलिका प्रा.लि. ,मण्डनदेउपुर न.पा.-५ (भ्याट नं. ६०९९४९०५६) को बिलमा कारोबार भएको फेला परेको ।

❖ बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) -

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | १२ | १५ | ३ | ननिस्किने |
| मूल्य (प्रति टिपर) : | ५,५०० | ५,५०० | २,००० | - |

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





३.इन्द्रावती रिभर साइड इभो वास प्रा.लि.

क. ठेगानाः मण्डनदेउपुर नगरपालिका वडा नं. ९ ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : इन्द्रावती नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : एकिन नभएको।

ङ. सञ्चालक/लगानीकर्ताहरु (हालको सञ्चालक): मिम बहादुर तामाङ,२०८१ असार २८ बाट ।

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

❖ कम्पनी रजिष्ट्रारको कार्यलय

- दर्ता भएको नाम :इन्द्रावती रिभर साइड इभो
- प्रा.लि. नं. — १८९०७६/०७४/७५,दर्ता मिति — २०७५/०१/२७ मा प्रा.लि.को रुपमा दर्ता भएको ।

❖ स्थायी लेखा नम्बर (VAT) दर्ता :

- पान नं. - ६०६७१५२५६, मिति - २०७५/०२/२२; मिति २०८२/०२/०९ को आन्तरिक राजस्व विभागको निर्णय अनुसार भ्याट निलम्बनमा राखेको वेबसाईटमा देखिएको ।
- व्यावसाय कारोबारहरु - ढुंगा फोड्ने, गिट्टी बनाउने, बालुवा उत्खनन्।

❖ घरेलु तथा साना उद्योग कार्यालयमा :
- दर्ता नामः इन्द्रावती रिभर साइड इभो
- दर्ता नं. - ४४६४,दर्ता मिति - २०७५/०२/१५;
- उद्योगको स्तर - साना ।
- उद्योगको वर्ग - सेवामुलक।
- कुल पुँजी - चार करोड ।

❖ नगरपालिकामा सुचिकृत/दर्ता :
- दर्ता नं.- १७९,मिति - २०७७/०२/२०;
- कुल पुँजी- चार करोड ।
- २०८२ असार मसान्त सम्म नवीकरण ।

❖ कर चुक्ता : २०७९/०८० सम्मको रहेको देखिएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

❖ सूचना पाटी रहेको।

❖ उद्योग सञ्चालनमा रहेको देखिएको।

❖ नदी र खोला किनारासंगै जोडिएको अवस्थामा पाईएको।

❖ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम वन क्षेत्रबाट (२ कि.मि.) तथा घना बस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।

❖ बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन तथा उद्योग स्थलमा तारबार/घेराबार लगाएको नपाईएको।

❖ बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) देहाय बमोजिम रहेको ।

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | - | १६ | - | - |
| मूल्य (प्रति टिपर) : | - | ६,००० | - | - |

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्विरहरु :






## च. भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकमा रहेका उद्योगहरु :

१. त्रिवेणी इन्फ्रा ईन्टरनेशनल प्रा.लि.

क. ठेगानाः भुम्लु गाउँपालिका वडा नं. ९ ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : सुनकोसी नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : एकिन गर्न नसकिएको।

ङ. उद्योगको उद्धेश्यः ढुङ्गा,बालुवा र माटोको उत्पादन ।

च. सञ्चालक/लगानीकर्ताहरुः राजकुमार पौडेल समेत ५ जना ।

छ. कम्पनी दर्ता सम्बन्धि विवरण :

- ❖ कम्पनी रजिष्ट्रारको कार्यलय
  - दर्ता मिति - २०७४/०५/१२ मा प्रा.लि. को रुपमा ।
  - प्रा.लि. नं. - १७४०१४/०७४/०७५ ।
- ❖ स्थायी लेखा नम्बर (VAT) दर्ता :
  - मिति - २०७४/०५/१६;
  - पान नं. - ६०६८९५५१०,
- ❖ घरेलु तथा साना उद्योगमा :
  - दर्ता नाम : त्रिवेणी इन्फ्रा ईन्टरनेशनल प्रा.लि.,भुम्लु वडा नं. ९ ।
  - दर्ता मिति - २०५८/१२/८;
  - दर्ता नं. - १४१८/५४-०५८/०५९
  - उद्देश्य - रोडा,ढुङ्गा क्रसिङ,गिटी चिप्स र बालुवा उत्पादन गर्ने ।
  - उद्योगको स्तर - साना ।
  - कुल पुंजी - पाँच करोड ।
  - बिद्युत : -८०० KVA ।
  - कम्पनीको अधिकृत पुंजी- १० करोड ।
  - रोजगारीः- १७ जनालाई रोजगारी दिने ।
  - अन्यः-मिति २०६५/४/१ मा त्रिवेणी क्रसर उद्योगलाई यस उद्योगले व्यहोरेको ।
- ❖ गाउँपालिकामा सुचिकृत/दर्ता :
  - दर्ता नाम : त्रिवेणी इन्फ्रा ईन्टरनेशनल प्रा.लि.,भुम्लु वडा नं. ९ ।
  - दर्ता नं. ०५,दर्ता मिति - २०७९/१०/०३ ।
  - कुल पुंजीः- १० करोड ।
  - कामको विवरण — रोडा ,ढुङ्गा क्रसिङ गरी गिट्टी ,चिप्स तथा बालुवा उत्पादन गर्ने ।

* कर चुक्ता : आ.व. २०८०/०८१ सम्मको रहेको देखिएको ।

ज. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

* सूचना पाटी रहेको।
* उद्योग सञ्चालनमा रहेको देखिएको।
* नदी र खोला किनारा संगै जोडिएको पाईएको ।
* ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम नदी/खोला किनार बाट (५०० मि.), वन क्षेत्रबाट (२ कि.मि.) तथा घना बस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।
* बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन तथा उद्योग स्थलमा तारवार/घेराबार लगाएको नपाईएको।
* बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) देहाय बमोजिम रहेको ।

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | ३५ | ३५ | ५ | - |
| मूल्य (प्रति टिपर) : | ४,५०० | ५,००० | १,५०० | - |

झ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्बिरहरु :





२. **समानान्तर रोडा ढुंगा उद्योग प्रा.लि.**

क. ठेगानाः भुम्लु गाउँपालिका वडा नं. १० ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : सुनकोसी नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : एकिन नभएको।

ङ. उद्योगको उद्धेश्यः रोडा ढुङ्गा उत्पादन तथा कारोबार ।

च. सञ्चालक/लगानीकर्ताहरु : श्री कृष्ण भण्डारी

छ. कम्पनी दर्ता सम्बन्धि विवरण :

- ❖ कम्पनी रजिष्ट्रारको कार्यलय
  - दर्ता मिति - २०७४/०६/२४ ।
  - प्रा.लि. नं. - १७६३२५/०७४/०७५ ।
- ❖ स्थायी लेखा नम्बर (VAT) दर्ता :
  - मिति - २०७४/०७/०१;
  - पान नं. - ६०६८७२४५४,
- ❖ घरेलु तथा साना उद्योग कार्यालयमा :
  - दर्ता मिति - २०७४/०६/२९ मा ।
  - दर्ता नं. - ४४३४/०७४/०७५।
  - उद्योगको स्तर - साना
  - उद्योगको वर्ग - उत्पादन मुलक
  - उद्देश्य - रोडा तथा बालुवा उत्पादन गर्ने
  - कुल पुँजीः- ११ करोड ।
- ❖ गाउँपालिकामा सुचिकृत/दर्ता :
  - दर्ता नं. -३,मिति - २०७९/०९/२४ मा।
  - व्यवसायको प्रकृति — रोडा ढुङ्गा उद्योग ।
  - नविकरण - २०८२ असार मसान्त सम्म नविकरण रहेको।
- ❖ कर चुक्ता : आ.व. २०८०/०८१ सम्मको रहेको देखिएको ।

ज. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

- ❖ सूचना पाटी रहेको।
- ❖ उद्योग सञ्चालनमा रहेको देखिएको।
- ❖ नदी र खोला किनारा संगै जोडिएको पाईएको ।
- ❖ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम नदी/खोला किनार बाट (५०० मि.), वन क्षेत्रबाट (२ कि.मि.) तथा घना वस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।
- ❖ उद्योग स्थलमा जि. आई. सिटले घेराबार लगाएको पाईएको।

❖ बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन गरेको नपाईएको।

❖ बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) देहाय बमोजिम रहेको ।

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | २० | २५ | २ | - |
| मूल्य (प्रति टिपर) : | ४,५०० | ६,००० | १,५०० | - |

झ. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्विरहरु :




३. मञ्जु श्री मल्टिपर्पोज कम्पनी प्रा.लि.

क. ठेगानाः भुम्लु गाउँपालिका वडा नं. १० ।

ख. कार्य विवरणः क्रसर उद्योग ।

ग. कच्चा पदार्थको स्रोत : सुनकोसी नदिको नदीजन्य पदार्थ/ दहत्तर बहत्तर।

घ. उद्योगको जग्गा : एकिन गर्न नसकिएको।

ङ. सञ्चालक/लगानीकर्ताहरु : भिम कुमार तामाङ,टिकाराम लामा,राकेश लामा

च. कम्पनी दर्ता सम्बन्धि विवरण :

❖ कम्पनी रजिष्ट्रारको कार्यलय
    - दर्ता मिति - २०७४/१०/१८
    - प्रा.लि. नं. - १८२८७६/०७४/०७५

❖ स्थायी लेखा नम्बर (VAT) दर्ता :
  - मिति - २०७४/१०/२१;
  - पान नं. - ६०६७९२७९८,
  - व्यावसाय कारोबारहरु - रोडा, ढुंगा उत्पादन तथा तत् सम्बन्धी कारोबार।
❖ घरेलु तथा साना उद्योग कार्यालयमा :
  - दर्ता मिति - २०७५/०२/२१;
  - दर्ता नं. - ४४६५/०७४/०७५
  - उद्योगको स्तर - साना
  - उद्योगको वर्ग — सेवामुलक
  - कुल पुँजी- रु.२,७४,२५,०००।-
  - उद्देश्य — बालुवा धुने(प्रशोधन गर्ने)
  - वार्षिक उत्पादन क्षमता -रु. १५ करोड ।
❖ गाउँपालिकामा सुचिकृत/दर्ता :
  - दर्ता नं. ०१,मिति - २०७९/०९/०४;
  - व्यवसायको प्रकार — बालुवा धुने(प्रशोधन गर्ने)
  - कुल पुँजी- रु.२,७४,२५,०००।
  - नविकरण - २०८२ असार मसान्त सम्म नविकरण।
❖ कर चुक्ता : आ.व. २०८०/०८१ सम्मको रहेको देखिएको ।

छ. अनुगमनको क्रममा पाईएको फिल्डको तत्कालिन वस्तुस्थिती विवरणः

❖ सूचना पाटी रहेको।
❖ उद्योग सञ्चालनमा रहेको देखिएको।
❖ नदी र खोला किनारा संगै जोडिएको पाईएको ।
❖ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, दफा ११ मा तोकिएबमोजिम नदी/खोला किनार बाट (५०० मि.), वन क्षेत्रबाट (२ कि.मि.) तथा घना बस्ती बाट (२ कि.मि.) रहेको नपाइएको।
❖ बफर जोनमा वृक्षरोपण, वायु एवं ध्वनी प्रदुषण नियन्त्रणको व्यवस्थापन तथा उद्योग स्थलमा तारबार/घेराबार लगाएको नपाईएको।
❖ बिक्री सम्बन्धी विवरण सरदर दैनिकमा (उद्योग प्रतिनिधिका अनुसार) -

| निर्माण सामाग्री : | रोडा | बालुवा | चिप्स | डष्ट |
|---|---|---|---|---|
| परिमाण (टिपर) : | - | १५ | १ | - |
| मूल्य (प्रति टिपर) : | - | ५,००० | १,००० | - |

ज. अनुगमनको क्रममा लिइएका प्रतिनिधि तस्विरहरु :





स्थानीय तहका प्रतिनीधीहरुबाट प्राप्त राय तथा सुझावहरु :

अनुगमनका क्रममा विभिन्न स्थानीय तहहरुबाट देहाय बमोजिमको राय प्राप्त भएको छ ।

१. दर्ता नविकरण लगायतका मापदण्ड पुरा गरी सञ्चालनमा आएका उद्योगहरुमध्ये असोजको विनाशकारी विपत्ति पश्चात कतिपय उद्योगहरु क्षत विक्षत अवस्थामा रहेकोले हाललाई नविकरण करचुक्ता लगायतका विषयमा निर्धारित समयसिमाभित्र प्रकृया पुरा गर्न नसकिएको देखिएकोले सो विषयमा राज्यको तर्फबाट केही भएपनि समय थप लगायतको सहुलियतजन्य व्यवस्था गरिएमा नैतिकरुपमा पनि राज्यको अभिभावकत्व रहेको ठहरिने देखिएको।

२. आम जनताको नदी छेउको कृषि योग्य खेतवारीमा बाढीले आफू संगै बोकेर ल्यएको ढुंगा, गिट्टी लगाएतका ग्रेगरहरु थुप्रिन गई वगरमा परिणत भएको ५/६ महिना वितिसक्दा पनि जनता स्वयंमले कानुनी अड्चनको कारण उक्त सामाग्रीलाई व्यवस्थापन गरि पुनः पुर्ववत् खेतीयोग्य रुपमा लैजान नसकेको आमा जनगुनासो रहेकोले सोको समाधानको लागि यथाशिघ्र जनमुखी निर्णयहरु गरि कार्यविधी तर्जुमा एवम् सोही बमोजिम प्रक्रियाको थालनी गरिनुपर्ने देखियो।

३. असोजको विपद्को लागि खानी, क्रसर इत्यादीको भूमिका रहे-नरहेको पहिचान गरि यदी अव्यवस्थित र मापदण्ड विपरित सञ्चालित खानी उद्योगहरु दोषी ठहर हुने अवस्था आएमा तत्काल कानुनी कारवाही गरी पिडीत आम जनतालाई अस्थायी बासस्थानको व्यवस्था गर्नै पनि बिलम्ब भैसकेको बृहत जनगुनासो आईरहेको तत्कालिन अवस्थामा उपयुक्त थाक-थलो निर्क्योल गरी आगामी दिनहरुमा अविलम्ब रुपमा स्थायी-बासस्थनको व्यवस्था गरिनुपर्ने देखियो।

४. खनिज उद्योग सञ्चालन अनुमती प्रदानका लागि विभिन्न विभाग, कार्यालयहरु तथा पालिकाहरु जिम्मेवार रहेकाले हरेक जिम्मेवार निकायले आ-आफ्नो जिम्मेवारी वहन गरी समय सापेक्ष नियमित अनुगमन एवम् नियमन तथा नियन्त्रण गरिनुपर्ने देखियो।

## ७. अनुगमनबाट प्राप्त उपलब्धी तथा प्रतिफल :

१. गठित कार्यदलबाट प्रारम्भिक चरणमा विपदबाट प्रभावित पनौती नगरपालिका,बेथानचोक गाउँपालिका,रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिकामा रहेका खानी तथा क्रसर उद्योगहरुको स्थलगत अनुगमन सम्पन्न गरियो ।सो क्रममा असोज महिनाको अविरल वर्षाको कारण बाढी, पहिरो र डुबान लगायतका विपदजन्य घटनाहरुबाट नदी किनार र जोखिमयुक्त स्थानमा रहेका क्रसर र खानी उद्योगहरुमा समेत क्षति पुगेको देखिएकोले तत्कालिन अवस्थामा अनुमती एवं इजाजत प्रदान भएकोमा विपदजन्य घटना पश्चात खानी तथा क्रसर उद्योगहरु रहेका स्थलमा बाढी लेदो आई बसेको ,खोलाको वहावले धार परिवर्तन गरेको, बस्तीहरु जोखिममा परेको, वरिपरिका भू-भागहरु समेत भत्किएको/बगाएको/पहिरो गएको, डस्ट र गेग्रानले खोलाहरुको सतह बढेको पाईयो ।

२. २०८१ असोज महिनाको विपदले उद्योगहरुमा पारेको प्रभाव र त्यी क्षेत्रको वर्तमान अवस्था/ वस्तुस्थितिको विषयमा स्थलगत अनुगमन मार्फत सरोकारवालासँग जानकारी लिने कार्यको प्रारम्भ भयो ।

३. विपदबाट प्रभावित क्षेत्रहरुमा रहेका उद्योगहरुको कार्यस्थल सहित उद्योगमा समेत क्षति पुगेको हुँदा कतिपय उद्योगका सूचना पाटी र सक्कल कागजात समेत बाढीले बगाएको पाईयो ।

४. धेरै उद्योगहरुले मर्मत कार्य गरिरहेको देखियो ।

५. स्थानीय स्तरमा राज्यको उपस्थिती देखिने गरि कार्य प्रारम्भ हुँदा स्थानीय तहले ताकेता गर्दा समेत नवीकरण हुन नसकेका उद्योगहरु नवीकरण प्रक्रियामा गई राजस्व संकलन समेत भयो ।

६. उद्योगहरु समयमै नविकरण गराउने, कर चुक्ता गराउने तथा विना नविकरण सञ्चालनरत उद्योगहरुलाई तत्काल सञ्चालन रोक्का गराउने लगाएतका कार्यद्वारा संवद्ध उद्योगीहरुलाई राज्यप्रती केहीहदसम्म जवाफदेही तथा जिम्मेवार बनाइयो।

७. अनुगमन गरिएका उद्योगहरुका सञ्चालक तथा प्रतिनिधिहरुलाई प्राकृतिक न्यायको सिद्धान्त बमोजिम न्यूनतम व्यवसायिक धर्म परिपालनामा जोड दिईयो ।

८. स्थानीय स्तरमा खानीजन्य तथा नदीजन्य उद्योग बाहेक अन्य क्षेत्रमा समेत विपदले पारेको प्रभावको बारेमा स्थलगत रुपमा जानकारी लिने अवसर प्राप्त भयो ।

## ८. निष्कर्ष तथा आगामी कार्यदिशा :

१. अनुगमनको क्रममा केही उद्योगहरुको कागजातको सफ्ट कपी प्राप्त भएको,धेरै उद्योगहरुको कागजात फेला नपरेको। असोजको विनासकारी बाढीको कारणले सबै बगाएर लगेको भन्ने जानकारी प्राप्त भएकोले केही उद्योगहरुको विवरण प्रतिवेदनमा उल्लेख गर्न नसकिएको। ।केही उद्योगहरुद्वारा अनुगमन पश्चात कार्यदललाई कागजातको प्रतिलिपी उपलब्ध गराएको ।

२. क्रसरबाट उत्पादित **Waste Materials** को अधिकांश उद्योगले उचित व्यवस्थापन नगरेको, केही उद्योगहरुले नदी/खोला किनार नजिक रहेको व्यक्तिगत जग्गामा थुपारेर राखेको पाईएको हुँदा निकट भविष्यमा नै उक्त डस्ट पदार्थहरु खोलाखोल्सा हुँदै नदी सम्ममा पुगी थिग्रिएर नदीको वहाव नै परिवर्तन हुँदा तटीय क्षेत्रमा रहेका जमिन तथा बस्तीहरुमा असर पर्न सक्ने र बाढी पहिरोको कारण बन्न सक्ने अवस्था रहेको ।

३. अधिकांश उद्योगले मेशिन चलाउने क्षेत्र घेरावार नगरिएको कारण बाह्य व्यक्ति सहजरुपमा प्रवेश गर्न सक्ने हुंदा कर्मचारीकामदारको असुरक्षा भएको हुदाँ कम्पाउन्डको व्यवस्था गरी गेटमा चौकीदार राख्नु पर्ने व्यवस्था प्रभावकारी भएको नदेखिएको।

४. अधिकांश खानीहरुको उत्खनन् प्रक्रिया अव्यवस्थित रहेको पाईएको ।खानीको तल्लो भाग एकोहोरो खन्दै/कोतर्दै जाँदा खानीको माथिल्लो भाग अचानक सुख्खा पहिरोका रुपमा खस्न सक्ने र सोबाट माथिल्लो तथा तल्लो भागका मानव बस्ती खेती योग्य /जमिनको मानविय तथा भौतिक क्षति हुन सक्ने साथै खानी क्षेत्रमा संचालन रहेका मेसिन औजार / ज्यामी/कर्मचारी , मजदुरहरुलाई समेत उच्च ज्याकेट हेलमेट जोखिम रहेको हुदाँ जुत्ता लगायतका सुरक्षा सामग्रीको प्रबन्ध गरेर मात्रै काममा लगाउनुपर्ने ।

५. असोज महिनाको विनाशकारी बाढीले कार्यस्थल बगाउँदा कम्पनी दर्ता /संचालन /इजाजत /नवीकरण/कर चूक्ता जस्ता महत्वपुर्ण कागजातहरु कम्पनी स्थलमा नभएको हुँदा अनुगमनको कार्यमा बाधा परेको ।

६. स्थानीयबासीका अनुसार माधवनारायणजात्राका कारण पनौती नगरपालिका भित्र रहेका अधिकाशं नदीजन्य तथा खानीजन्य उद्योगहरु मिति २०८१/१०/२३ गते अनुगमन गर्दा ४/५ दिन देखी बन्द रहेका कारण उद्योग सञ्चालक तथा प्रतिनिधिसँग भेट हुन नसकेको कारण त्यी उद्योगहरुको बारेमा आधिकारीक जानकारी प्राप्त गर्न कठिनाई भएको ।

७. मेसिन सञ्चालनको समयमा उद्योगबाट उड्ने धुलो धुँवाको व्यवस्थापन अधिकांश उद्योगले नगरेकोले उद्योग काम गर्ने सबै कामदार र सो क्षेत्र वरपर रहेका मानवबस्तीका मानिसहरुको जनस्वास्थमा असर परेको देखिएकोले धुलो धुँवालाई उद्योग भित्र नै निस्क्रिय पार्ने प्रविधि जडान गर्नु पर्ने आवश्यकता देखिएको ।

८. बेथानचोक गाउँपालिका वडा नं. ५ मा विगतमा खानी तथा भूगर्भ विभागबाट उत्खनन् अनुमती लिई म्याद सकिई हाल स्थानीय तहबाट समेत अनुमती नलिई सञ्चालमा रहेको देखिएकाले यस विषयमा

स्थानीय तहद्वारा गम्भीरतापुर्वक नियमन गरी कानूनी कारवाहीको दायरामा ल्याउनुपर्ने अवस्था रहेको ।

९. खोला नदी किनार नजिक रहेका केही क्रसरहरु साँझ विहान चल्ने क्रममा नदी खोलाबाट अनाधिकृत रुपमा उत्खनन् हुन सक्ने जोखिम रहेकाले सो सम्बन्धमा स्थानीय तहद्वारा नियमित अनुगमनद्वारा निगरानीमा राख्नुपर्ने ।

१०. उद्योगको दर्ता/ नविकरण र कर चूक्ता समयमा भएको नपाइएको , तत् सम्वन्धि जिम्मेवार निकायबाट त्यी विषयमा फलो अप गरेको भए पनि नतिजामुखी भएको नपाईएको ।

११. अनुगमनको क्रममा बाढी पहिरोको कारण केही उद्योगहरु बन्द भएको तथा अनुगमनमा सहभागी सदस्यहरुको कार्य व्यस्तताका कारण सबै खानी तथा क्रसरहरुको अनुगमन गर्ने प्रयासका बावजुत केही उद्योगहरुको स्थलगत अनुगमन कार्य सम्पन्न हुन नसकेको ।

१२. बार्षिक रुपमा प्रत्येक त्रैमासिकको पहिलो हप्तामा नियमित कार्यदलले अनुगमन गर्नुपर्ने जसले गर्दा आम जनमानसमा राज्यको उपस्थिती रहेको आभास प्रतिबिम्वित हुने एवम् उद्योगीहरु राज्यप्रति केही हद सम्म भएपनि जिम्मेवार हुने अपेक्षा गरिएको।

१३. खानी, क्रसर तथा अन्य निर्माण जन्य सामाग्रीहरुको उत्खनन्, विक्री-वितरण गर्नको लागि ऐन, नियमावली अपरिहार्य रहेको ।

९. सुझावहरु :

१. मिति २०८१ असोज महिनाको अविरल वर्षाको कारण बाढी, पहिरो र डुबान लगायतका विपदजन्य घटनाहरुबाट नदी किनार र जोखिमयुक्त स्थानमा रहेका क्रसर र खानी उद्योगहरुमा समेत क्षति पुगेको देखिएकोले तत्कालिन अवस्थामा अनुमती एवं इजाजत प्रदान भएकोमा विपदजन्य घटना पश्चात खानी तथा क्रसर उद्योगहरु रहेका स्थलमा बाढी लेदो आई बसेको ,खोलाको वहावले धार परिवर्तन गरेको, बस्तीहरु जोखिममा परेको, वरिपरिका भू-भागहरु समेत भत्किएको/बगाएको/पहिरो गएको, डस्ट र गेग्रानले खोलाहरुको सतह बढेको हालको अवस्थामा बस्ती / खानी/ खोला/ वन क्षेत्र / भौगर्भिक अवस्था लगायतका सरोकार राखे सबै पक्षहरुमा गम्भीर एवं विस्तृत अध्ययन गर्नुपर्ने भएको हुँदा उल्लेखित समग्र पक्षहरुको प्राविधिक टोलीद्धारा अध्ययन गर्नुपर्ने ।

२. नदीजन्य तथा खानीजन्य उत्खनन् गर्दा स्वीकृत स्थान तथा क्षमता भन्दा बढी उत्खनन् हुन सक्ने अवस्था देखिँदा स्थानीय तहहरुबाट नियमित रुपमा अनुगमन तथा लेखाजोखा हुने व्यवस्था मिलाउनुपर्ने । स्वीकृत स्थानको मार्किङ गरी घेराबार लगाउने ।

३. दर्ता प्रक्रिया पुरा नगरेका वा एउटा उद्देश्य लिएर स्थापना भएको उद्योगले उद्देश्य भन्दा बाहिर गई अन्य कार्य गरेकोमा स्थानीय तहद्धारा तत्काल उद्धेश्य बाहिरका कार्यमा रोक लगाउने ।

४. मापदण्ड पुगेका तर नविकरण नभएका खानी तथा क्रसरहरुलाई तत्काल नवीकरण प्रक्रियामा लैजाने ।

५. उद्योगको दर्ता/ नविकरण र कर चूक्ता समयमा गराउन तत् सम्बन्धि जिम्मेवार निकायबाट त्यी विषयमा नियमित फलो अप गर्नुपर्ने ।

६. राजमार्ग आसपास र नदी किनारमा निकट भविष्यमा असर पर्ने गरी केही खानी तथा क्रसरहरुबाट निस्किएको वेस्ट मेटरियल्स (Waste Materials) फालिएको हुँदा त्यी खानी तथा क्रसरहरुलाई तत्काल सुधारको लागि निर्देशन दिने र तोकिएको समयमा सुधार हुन नसकेमा बन्द नै गराउने ।

७. प्रत्येक स्थानीय तहहरुले आफ्नो क्षेत्रमा रहेका सबै नदीजन्य तथा खानीजन्य उद्योगहरुको सम्पूर्ण विवरण समेटी प्रोफाईल तयार तथा नियमित अद्यावधिक गर्ने ।र उद्योगहरु रहेका स्थानीय तहहरुले मापदण्डको दफा ९(७) ले तोके बमोजिम स्थानीय तहमा नियमित अनुगमन गरी सोको जिल्ला अनुगमन समितिलाई प्रतिवेदन गर्ने कार्य अबिलम्ब सुरु गर्ने ।

८. ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि गरिएको विशेष व्यवस्था कार्यान्वयनका लागि आयोजना कार्यालय र स्थानीय तहबिच नियमित संवाद तथा समन्वय हुनुपर्ने । त्यसरी संचालित खानी तथा क्रसरबाट उत्पादित सामाग्री अन्यत्र बिक्रि हुनसक्ने जोखिम देखिएको हुदाँ सो को रोकथामको लागि त्यस्तो उत्खन संकलनको स्वीकृत दिंदात्यसको जानकारी जिल्ला अनुगमन समितिलाई समेत दिने व्यवस्था मिलाउने ।

४०

९. प्रतिवेदन तयारीको समयमा प्राविधिक कारणबाट स्थलगत अनुगमन हुन नसकेको अन्य स्थानमा सञ्चालित क्रसर तथा खानी उद्योगहको समेत कार्यदलद्धारा अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन जिल्ला अनुगमन समितिद्धारा सहजीकरण हुनुपर्ने ।

१०. नदीखोला , वन क्षेत्र ,राजमार्ग ,स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक क्षेत्रको दुरी सम्बन्धी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को दफा ९(१) मा भएको मापदण्डको व्यवहारिक र कार्यान्वयनको विषयमा केन्द्रिय तहबाट नै समाधानको लागि पहल हुनुपर्ने ।

११. घना बस्ती ,विद्यालय तथा स्वास्थ्य संस्थासँगको दुरिको मापदण्ड पालना गराउनका लागि स्थानीय तहबाट सिफारिस गर्दा,स्वीकृती दिँदा तथा नवीकरण गर्दा स्थानीय तहहरुबाट विशेष ध्यान दिनुपर्ने ।

१२. विगतमा खानी तथा भूगर्भ विभागबाट उत्खनन् अनुमती लिई म्याद सकिई हाल स्थानीय तहबाट समेत अनुमती नलिई सञ्चालमा रहेका साधारण निर्वाहमुखी खानीजन्य उद्योगहरुलाई स्थानीय तहद्धारा नियमन गरी दर्ता प्रक्रियामा लैजाने र कानूनी प्रक्रिया पूरा गरेर मात्र सञ्चालन हुन दिने ।


जिल्ला समन्वय
धुलिखेल